आर्थिक वर्षः २०८३/०८४
मितिः २०८३/०६/०८
बैठक नं. ३

आज मिति २०८३/०६/०८ गतेका दिन यस जोरायल गाउँपालिकाका अध्यक्ष श्री दुर्गा दत्त ओझा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको तेस्रो बैठकमा तपसिल अनुसारको उपस्थितिमा देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो।

**उपस्थितिः**

| क्र.सं. | नाम, थर | पद | कार्यपालिकाको पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री दुर्गा दत्त ओझा | गाउँपालिका अध्यक्ष | अध्यक्ष | |
| २ | श्री जमुना कुमारी बोहरा | गाउँपालिका उपाध्यक्ष | सदस्य | |
| ३ | श्री जगत बहादुर मल्ल | वडा अध्यक्ष, वडा नं. १ | सदस्य | |
| ४ | श्री बिर बहादुर दर्लामी | वडा अध्यक्ष, वडा नं. २ | सदस्य | |
| ५ | श्री नविन ओझा | वडा अध्यक्ष, वडा नं. ३ | सदस्य | |
| ६ | श्री नन्द राज भट्ट | वडा अध्यक्ष, वडा नं. ४ | सदस्य | |
| ७ | श्री ध्वज बहादुर देउवा | वडा अध्यक्ष, वडा नं. ५ | सदस्य | |
| ८ | श्री गणेश बहादुर बोहरा | वडा अध्यक्ष, वडा नं. ६ | सदस्य | |
| ९ | श्री ईन्द्रा देवी ओली | कार्यपालिका सदस्य | सदस्य | |
| १० | श्री खगिता वि.क. | कार्यपालिका सदस्य | सदस्य | |
| ११ | श्री पम्पा देवी थापा | कार्यपालिका सदस्य | सदस्य | |
| १२ | श्री खिमा देवी कामी | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री लाल बहादुर सार्की | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री सविना वि.क. | कार्यपालिका सदस्य | सदस्य | |
| १५ | श्री गणेश दत्त भट्ट | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

**अन्य उपस्थितिः**

| | | | | |
|---|---|---|---|---|
| १ | श्री चन्द्र सिह ऐडी | प्रशासकीय अधिकृत | - | |
| २ | | | | |

| जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०६/०८ मा बसेको बैठकको प्रस्ताव र निर्णय | | |
|---|---|---|
| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
| १ | अघिल्लो बैठकको समीक्षा सम्बन्धमा। | यसअघि मिति २०८३/०५/१८ गते बसेको गाउँ कार्यपालिकाको पहिलो बैठकमा भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो। |
| २ | उपभोक्ता समिति मार्फत आयोजना तथा कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा। | गाउँपालिकाका योजनाहरू उपभोक्ता समितिमार्फत पारदर्शी, गुणस्तरीय र प्रभावकारी रूपमा सञ्चालन गर्न पेश गरिएको "उपभोक्ता समिति मार्फत आयोजना तथा कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" माथि छलफल गरी सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो। स्वीकृत कार्यविधि बमोजिम कार्य सम्पादन गर्न/गराउन सम्बन्धित शाखा तथा वडा कार्यालयहरूलाई निर्देशन दिने निर्णय गरियो। |
| ३ | उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि सम्बन्धमा। | जोरायल गाउँपालिका क्षेत्रभित्र सञ्चालित आयोजनाहरूलाई व्यवस्थित, पारदर्शी र कानुनसम्मत रूपमा कार्यान्वयन गराउन तयार पारिएको "जोरायल गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८३" सर्वसम्मतिले स्वीकृत गरियो। यो कार्यविधिलाई स्थानीय राजपत्रमा प्रकाशन गरी लागू गर्ने निर्णय गरियो। |
| ४ | करार पदपूर्ति सम्बन्धमा। | यस जोरायल गाउँपालिका ५ नं. वडा कार्यालयमा जनशक्ति अभाव भई सेवा प्रवाहमा ढिलासुस्ती भएकाले सेवालाई गुणस्तरीय, छिटोछरितो र प्रभावकारी बनाउन खुला प्रतिस्पर्धा मार्फत १ (एक) जना सहायक कम्प्युटर अपरेटर पदमा जनशक्ति पदपूर्ति गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो। |
| ५ | PAN दर्ता सेवा सञ्चालन गर्ने सम्बन्धमा। | नेपाल सरकार, आन्तरिक राजस्व विभाग तथा मातहतका आन्तरिक राजस्व कार्यालयहरूबाट प्रदान गरिँदै आएको स्थायी लेखा नम्बर (PAN) दर्ता सम्बन्धी सेवालाई स्थानीय तहबाटै उपलब्ध गराउन सकिने व्यवस्था अनुसार यस पालिकाका सेवाग्राहीहरूलाई सहज, सुलभ र छरितो रूपमा सेवा प्रदान गर्न स्थानीय तहबाटै प्यान दर्ता सेवा सञ्चालन गर्न आवश्यक अनुमति उपलब्ध गराइदिन आन्तरिक राजस्व कार्यालय, डडेल्धुरालाई अनुरोध गर्ने निर्णय गरियो। |
| ६ | भूमि समस्या सम्बन्धी प्रमाणिकरण भएका लगत फाराम पठाउने सम्बन्धमा। | राष्ट्रिय भूमि आयोगको सूचना बमोजिम यस जोरायल गाउँपालिका क्षेत्रभित्र भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि लगत संकलन गरिएकोमा वडास्तरीय र पालिकास्तरीय भूमि समस्या सहजीकरण समितिबाट प्रमाणीकरण भई आएका भूमिहीन दलित १, भूमिहीन सुकुम्बासी २ र अव्यवस्थित बसोबासी ३४१ गरी जम्मा ३४४ जनाको नाप, नक्सा तथा आवश्यक बाँकी प्रक्रिया अगाडि बढाउनका लागि जिल्ला भूमी समस्या समाधान समिति, डोटीमा पठाउने निर्णय गरियो। |
| ७ | योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | चालु आर्थिक वर्षमा स्वीकृत तथा बजेट विनियोजन भएका योजना तथा कार्यक्रमहरू निर्धारित समयसीमाभित्रै सम्पन्न गर्नका लागि प्रचलित कानुन, सार्वजनिक खरिद सम्बन्धी व्यवस्था र स्वीकृत कार्यविधिको परिधिभित्र रही कार्यान्वयन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो। |
| ८ | हेरचाह प्रोफाइल सम्बन्धमा। | युरोपियन युनियन र संयुक्त राष्ट्रसंघको सहकार्यमा, सामाजिक सुरक्षा नागरिक सञ्जाल र निड्स नेपालको प्राविधिक सहयोगमा यस गाउँपालिकाले तयार गरेको हेरचाह प्रोफाइल अनुमोदन गर्ने निर्णय गरियो। साथै, उक्त हेरचाह प्रोफाइल तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउने युरोपियन युनियन, संयुक्त राष्ट्रसंघ, सामाजिक सुरक्षा नागरिक सञ्जाल तथा निड्स नेपाल लगायत सम्पूर्ण सहयोगी संस्थाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो। |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रायतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०६/०८ मा बसेको बैठकको प्रस्ताव र निर्णय | | |
|---|---|---|
| ९ | महङ्गी भत्ता उपलब्ध गराउने सम्बन्धमा। | गाउँपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत करार कर्मचारीहरूका साथै नेपाल सरकार र पालिकाको साझेदारीमा सञ्चालित विभिन्न कार्यक्रमहरूमा स्वीकृत दरबन्दीमा कार्यरत करार कर्मचारीहरूलाई महङ्गी भत्ता उपलब्ध गराउने/नगराउने विषयमा प्रचलित कानुनी व्यवस्था एवम् मापदण्ड बमोजिम आवश्यक स्पष्टताका लागि अर्थ मन्त्रालय लगायत सम्बन्धित निकायहरूमा पत्राचार गरी बुझ्ने र सोही आधारमा आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| १० | प्रगति प्रतिवेदन प्रकाशन तथा समिति गठन सम्बन्धमा। | यस गाउँपालिका स्थापना कालदेखि हालसम्म भएका समग्र विकास निर्माण, बजेट तथा कार्यक्रम, प्रमुख उपलब्धि एवम् सेवा प्रवाहको ऐतिहासिक विवरण समेटी १० वर्षे प्रगति प्रतिवेदन पुस्तक/स्मारिका प्रकाशन गर्ने निर्णय गरियो। उक्त पुस्तक प्रकाशनका लागि आवश्यक तथ्य तथा तथ्याङ्क सङ्कलन, लेखन, सम्पादन, डिजाइन तथा आवश्यक समन्वय गर्नका लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।<br><br>**तपसिल:**<br>**सल्लाहकार समिति:**<br>संयोजकः श्री दुर्गादत्त ओझा (अध्यक्ष)<br>सदस्यः श्री जमुना कुमारी बोहरा (उपाध्यक्ष)<br>सदस्यः श्री गणेश दत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत)<br>सदस्यः श्री जगत बहादुर मल्ल (१ नं. वडा अध्यक्ष)<br>सदस्यः श्री बिर बहादुर दर्लामी (२ नं. वडा अध्यक्ष)<br>सदस्यः श्री नविन ओझा (३ नं. वडा अध्यक्ष)<br>सदस्यः श्री नन्द राज भट्ट (४ नं. वडा अध्यक्ष)<br>सदस्यः श्री ध्वज बहादुर देउवा (५ नं. वडा अध्यक्ष)<br>सदस्यः श्री गणेश बहादुर बोहरा (६ नं. वडा अध्यक्ष)<br><br>**सम्पादन तथा प्रकाशन समिति:**<br>संयोजक: श्री तेज बहादुर खत्री (शाखा अधिकृत)<br>सदस्य: श्री चन्द्र सिह ऐडी (प्रशासकीय अधिकृत)<br>सदस्य: श्री नरेश कुमार भट्ट (इन्जिनियर)<br>सदस्य: श्री धर्म राज जोशी (सूचना प्रविधि अधिकृत)<br>सदस्य: श्री शिव राज रेग्मी (अधिकृत, लेखा)<br><br>**तथ्याङ्क सङ्कलन तथा समन्वय समिति:**<br>संयोजकः हेमा कुमारी कपड्याल (अधिकृत, प्रशासन)<br>सदस्यः श्री सुरेन्द्र शाह (अधिकृत, इन्जिनियरिङ)<br>सदस्यः श्री कल्पना कुमारी मडै (कानूनी सल्लाहकार)<br>सदस्यः श्री रोशन चौधरी (अधिकृत, कम्प्युटर)<br>सदस्यः श्री डम्मर बहादुर बोहरा (रोजगार संयोजक)<br>सदस्यः श्री सुरेश बहादुर चन्द (सव.इन्जिनियर)<br>सदस्यः श्री योगेन्द्र प्रसाद मण्डल (सि.अ.हे.व.)<br>सदस्यः श्री सुरत बादी (प.स्वा.प्रा.)<br>सदस्यः श्री निर्मल बहादुर भाट (एमआइएस अपरेटर)<br>सदस्य: श्री चन्द्र बहादुर सार्की (ना.प्रा.स.) |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०६/०८ मा बसेको बैठकको प्रस्ताव र निर्णय**

| | | |
|---|---|---|
| ११ | अपुग त.भ. भुक्तानी दिने सम्बन्धमा। | नेपाल सरकार र पालिकाको साझेदारीमा सञ्चालित विभिन्न कार्यक्रमहरूमा स्वीकृत दरबन्दीमा कार्यरत करार कर्मचारीहरूलाई नियमानुसार प्रदान गरिने सेवा सुविधा (तलब-भत्ता) वापतको रकम अपुग भएकाले, नपुग रकम गाउँपालिकाको करार सेवा शुल्क (खर्च शीर्षक नं. २२४१३) बाट नियमानुसार भुक्तानी उपलब्ध गराउने निर्णय गरियो। |
| १२ | समायोजन भएको विद्यालयको सम्पत्ति सुरक्षा तथा बरबुझारत सम्बन्धमा। | श्री नवज्योती आधारभूत विद्यालय (जोरायल-५, गड्सेरा, डोटी) मा विद्यार्थी संख्या न्यून भएकाले सो विद्यालयलाई नजिकको विद्यालय श्री नवोदय माध्यमिक विद्यालय (जोरायल-५, गड्सेरा) मा समायोजन गर्ने कार्य भइसकेकोले उक्त विद्यालयको भौतिक सम्पत्ति अर्को व्यवस्था नभएसम्मका लागि हाललाई खोप केन्द्रको रूपमा प्रयोग गर्न अनुमति दिने र सो सम्पत्तिको आवश्यक संरक्षणको व्यवस्था सम्बन्धित वडा कार्यालय (जोरायल गा.पा. वडा नं. ५) ले गर्ने निर्णय गरियो । साथै, विद्यालयको सम्पूर्ण अभिलेख, कागजपत्र तथा अन्य जिन्सी सामानहरू वडा कार्यालयको रोहवरमा समायोजन भएको विद्यालय (श्री नवोदय माध्यमिक विद्यालय जोरायल-५ गड्सेरा) लाई हस्तान्तरण/बरबुझारत गर्ने निर्णय गरियो । |
| १३ | विद्यालयको लेखापरीक्षक नियुक्ति गर्ने सम्बन्धमा। | विद्यमान शिक्षा ऐन तथा नियमावलीको प्रावधान बमोजिम विद्यालयहरूको आर्थिक पारदर्शिता कायम राख्न तथा आर्थिक वर्ष २०८२/०८३ को आय-व्ययको लेखापरीक्षण गराउनका लागि जोरायल गाँउपालिकामा निवेदन पेश गरेका तपशिलका योग्य लेखापरीक्षकहरु (Auditor) नियुक्ति गर्ने र सो सम्बन्धि आवश्यक व्यवस्थापन शिक्षा शाखाले गर्ने निर्णय गरियो । |

**तपसिल:**

| क्र.सं. | लेखापरीक्षक नाम | स्थायी ठेगाना | प्र.प.नं. | प्यान नं. |
|---|---|---|---|---|
| १ | श्री रविन्द्र नारायण श्रेष्ठ | ध.न.उ.पा.-०२, कैलाली | ३६६५ | ३००६३६४०६ |
| २ | श्री भरत राज जोशी | ध.न.उ.पा.-०५, कैलाली | ४५४६ | ३०१०९५५२५ |
| ३ | श्री नृप प्रसाद तिमिल्सेना | ध.न.उ.पा.-०४, कैलाली | ३८१५ | ३००३८६४८६ |

| | | |
|---|---|---|
| १४ | शिक्षकहरूको आपसी स्थानान्तरण सम्बन्धमा। | जोरायल गाउँपालिका वडा नं. ३ अन्तर्गतका विद्यालयहरूमा कार्यरत शिक्षकहरूले आपसी समझदारीमा स्थानान्तरण हुनका लागि संयुक्त निवेदन पेश गर्नुभएको र सोही अनुसार गाउँ शिक्षा समितिको मिति २०८३।०६।०८ गतेको बैठकको सिफारिस अनुसार नियमानुसार माग बमोजिम तपसिलका शिक्षकहरूलाई तपशिल बमोजिमका विद्यालयहरूमा आपसी स्थानान्तरण तथा पदस्थापन गर्ने निर्णय गरियो । |

**तपसिल:**

**स्थानान्तरण हुने शिक्षकहरूको विवरण**

| क्र.सं. | शिक्षकको नाम | दरबन्दी / तह / श्रेणी | हाल कार्यरत विद्यालय | स्थानान्तरण भई जाने विद्यालय |
|---|---|---|---|---|
| १ | श्री उमेश कुमार साउद | स्थायी / प्रा.वि. / द्वितीय | श्री रत्न आधारभूत विद्यालय, रावतकट्टे, डोटी | श्री भागेश्वर आधारभूत विद्यालय, बेलटुक्रा, डोटी |
| २ | श्री कलावती अधिकारी | राहत / प्रा.वि. / तृतीय | श्री भागेश्वर आधारभूत विद्यालय, बेलटुक्रा, डोटी | श्री रत्न आधारभूत विद्यालय, रावतकट्टे, डोटी |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०६/०८ मा बसेको बैठकको प्रस्ताव र निर्णय | | |
|---|---|---|
| १५ | कर्कटपाता उपलब्ध गराउने सम्बन्धमा। | यस जोरायल गाउँपालिका वडा नं. ३, खडायतगाउँ निवासी मिना देवी खडायत अति विपन्न परिवारको रहेको र निजको बसोबास रहेको घर अति जीर्ण अवस्थामा भई मर्मत सम्भार गर्नुपर्ने देखिएकाले, गाउँपालिकाको स्वीकृत "विपन्न वर्ग लक्षित आयआर्जन कार्यक्रम" (खर्च शीर्षक नं. २२५२२) अन्तर्गत निजलाई आवास मर्मत प्रयोजनका लागि आवश्यक कर्कटपाता खरिद गरी उपलब्ध गराउने निर्णय गरियो। |
| १६ | सुदूरपश्चिम गाईजात्रा सिजन-२ सम्बन्धमा। | बैजनाथ सञ्चार प्रा.लि., धनगढीद्वारा मिति २०८३ भदौ १७ गते एसटिएस सिनेमा हल, धनगढीमा सञ्चालन भएको "सुदूरपश्चिम गाईजात्रा सिजन-२" कार्यक्रममा गाउँपालिका प्रायोजक रहेकोले गाउँपालिकाको स्वीकृत वार्षिक बजेट "कला साहित्य तथा संस्कृति प्रवर्द्धन कार्यक्रम" (खर्च शीर्षक नं. २२५२२) बाट नियमानुसार रु.५०,०००/- (पचास हजार रुपैयाँ मात्र) भुक्तानी उपलब्ध गराउने निर्णय गरियो। |
| १७ | प्रगति प्रतिवेदन प्रकाशन खर्च सम्बन्धमा। | यस गाउँपालिका स्थापना कालदेखि हालसम्म भएका समग्र विकास निर्माण, बजेट तथा कार्यक्रम, प्रमुख उपलब्धि एवम् सेवा प्रवाहको ऐतिहासिक विवरण समेटी १० वर्षे प्रगति प्रतिवेदन पुस्तक/स्मारिका प्रकाशनका लागि आवश्यक तथ्य तथा तथ्याङ्क सङ्कलन, लेखन, सम्पादन, डिजाइन तथा आवश्यक समन्वय चालु आ.व. २०८३/०८४ को स्वीकृत बजेट अन्तर्गत भैपरी आउने चालु खर्च शीर्षकबाट रु.५,००,०००।- विनियोजन गर्ने निर्णय गरियो। |
| १८ | पालिकाको लोगो तयार गर्ने सम्बन्धमा। | यस गाउँपालिकाको भौगोलिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक तथा पर्यटकीय पहिचान झल्किने गरी पालिकाको आफ्नै आधिकारिक लोगो (Logo) तयार गर्नुपर्ने भएकोले खुला प्रतिस्पर्धा मार्फत नयाँ लोगो तयार गर्ने निर्णय गरियो। |
| १९ | औषधी खरिद सम्बन्धमा। | यस जोरायल गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार "निःशुल्क स्वास्थ्य सेवाको लागि औषधी खरिद" बजेट शीर्षक (रु. १२,५०,०००/-) बाट गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा औषधीको चरम अभाव भई नागरिकको आधारभूत स्वास्थ्य सेवा प्रभावित हुने जोखिम उत्पन्न भएको तथा हाल विद्युतीय खरिद प्रणाली (e-GP System) मा प्राविधिक/सुरक्षा जोखिमका कारण उक्त प्रणालीबाट तत्काल औषधी खरिद गर्न नसकिने परिस्थिति सिर्जना भएको हुनाले सार्वजनिक खरिद ऐन तथा नियमावलीको विशेष/आपत्कालीन प्रावधान बमोजिम सोझै खरिद (बजार दरभाउपत्र) मार्फत औषधी खरिद गर्ने निर्णय गरियो। |
| २० | "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा। | जोरायल गाउँपालिकाको क्षेत्रभित्र निर्माण व्यवसाय सञ्चालन गर्नका लागि एच.पि.बि. ईन्जिनियिङ्ग एण्ड कन्स्ट्रक्सन, जोरायल-०३, डोटी र महारुद्र निर्माण सेवा, जोरायल-०४, डोटीले "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र पाऊँ भनी आवश्यक कागजात सहित कार्यालयमा पर्न आएका निवेदनहरू उपर छानबिन तथा छलफल गरियो। सो सम्बन्धमा पेश हुन आएका कागजातहरू अध्ययन गर्दा जोरायल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा ४ मा उल्लेखित तोकिएका मापदण्ड, योग्यता तथा कानुनी प्रक्रिया पुरा गरेको देखिएकाले उल्लेखित २ (दुई) वटा निर्माण फर्म/कम्पनीहरूलाई जोरायल गाउँपालिका क्षेत्रभित्र भौतिक निर्माण सम्बन्धी कार्य गर्नका लागि "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो। |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०६/०८ मा बसेको बैठकको प्रस्ताव र निर्णय | | |
|---|---|---|
| २१ | बालदिवस कार्यक्रम सहभागिता तथा खर्च भुक्तानी सम्बन्धमा | जिल्ला बाल सञ्जाल, सिलगढी, डोटीको पत्र संख्या २०८३/०८४, मिति २०८३/०५/२६ को अनुरोध अनुसार राष्ट्रिय बाल दिवस (२०८३ भाद्र २९) को अवसरमा सिलगढीमा आयोजना गरिएको बाल विवाह, बाल श्रम, बाल हिंसा र दुर्व्यवहार, आत्महत्या दुरुत्साहन, अनलाइन सुरक्षा तथा लागूऔषध दुरुपयोग सम्बन्धी चेतनामूलक सडक नाटक तयारी, तालिम तथा प्रस्तुतीकरण कार्यक्रम (मिति २०८३/०५/२८ र २९) मा यस जोरायल गाउँपालिकास्तरीय बाल सञ्जालको तर्फबाट सहभागी भएका बाल सञ्जालका प्रतिनिधिहरूलाई नियमानुसार लाग्ने यातायात, होटेलबास र खाना/खाजा बापतको संलग्न बिल/भरपाई अनुसार जोरायल गाउँपालिकाको महिला तथा बालबालिका शाखाको स्वीकृत बजेट "दिवसीय कार्यक्रम, २२५२२" शीर्षकबाट नियमानुसार भुक्तानी उपलब्ध गराउने निर्णय गरियो। |
| २२ | मैत्रीपूर्ण फुटबल प्रतियोगिता सम्बन्धमा। | यस जोरायल गाउँपालिका क्षेत्रभित्र कार्यरत जनप्रतिनिधि, कर्मचारी, शिक्षक तथा स्वास्थ्यकर्मीहरू बीच आपसी सद्भाव, कार्यगत समन्वय र स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने उद्देश्यले पालिका स्तरीय मैत्रीपूर्ण फुटबल प्रतियोगिता आयोजना गर्ने र उक्त प्रतियोगिता सञ्चालनका लागि आवश्यक बजेट स्वीकृत चालु आर्थिक वर्षको "खेलकुद सम्बन्धी विविध कार्यक्रम खर्च" शीर्षकमा विनियोजित बजेट रु.२,००,०००।० बाट व्यवस्था हुने गरी आयोजना गर्ने निर्णय गरियो। |
| २३ | भूमि सम्बन्धी लगत संकलन इकाईको बजेट बाँडफाँड सम्बन्धमा। | यस जोरायल गाउँपालिकाको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक बजेट "भूमि सम्बन्धी लगत संकलन इकाई कार्यालय स्थापना तथा संचालन खर्च, खर्च शीर्षक २२५२२" मा विनियोजित बजेट रु.५,००,०००.० लाई तपसिल बमोजिमको शिर्षकहरुमा बजेट बाँडफाँड गरी खर्च गर्ने निर्णय गरियो।<br>तपसिल:<br>(१) मसलन्द तथा कार्यालय सामग्री –रु.५०,०००<br>(२) खाना, खाजा, आवास खर्च –रु.१,००,०००<br>(३) अनुगमन भ्रमण, इन्धन, यातायात तथा संचार खर्च – रु.१,३०,०००<br>(४) बैठक व्यवस्थापन खर्च –रु.२०,०००<br>(५) पिल्लर निर्माण -रु.१,००,०००<br>(६) विविध खर्च –रु.१,००,००० |
| २४ | नेपाल जलवायु नमूना कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयबाट "नेपाल जलवायु नमूना कार्यक्रम" का लागि सङ्घीय सशर्त अनुदानतर्फ प्राप्त रु. २०,००,०००/- बजेटबाट "नेपाल जलवायु नमूना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" मा उल्लेखित मापदण्ड तथा निर्देशिकाको अधीनमा रही जोरायल गाउँपालिका वडा नं. १ लाई जलवायु नमूना क्षेत्र छनौट गरी कार्यक्रम सञ्चालन गर्ने र सो कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन, अनुगमन तथा विषयगत शाखा एवम् वडा कार्यालयहरूसँग आवश्यक समन्वय गर्न कृषि विकास शाखामा कार्यरत ना.प्रा.स. श्री चन्द्र बहादुर सार्की लाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो। |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३